**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**

मितिः २१ दिसम्बर २०२५

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

- राष्ट्रपति द्रौपदी मुर्मुले विकसित भारत-रोजगार अनि आजीविका मिशन-ग्रामीण विकसित भारत- जी राम जी बिल, २०२५ लाई स्वीकृति दिनुभएको छ।
- राष्ट्रिय स्वयंसेवक संघ (आरएसएस) का सरसंघचालक डा. मोहन भागवतले आज संघको 100 औ वर्षगांठको अवसरमा कोलकाताको साइन्स सिटी सभागारमा आयोजित व्याख्यान शृंखला संघका १०० वर्ष– नयाँ क्षितिजको पहिलो सत्रलाई सम्बोधन गर्नुभयो।
- आज दोस्रो विश्व ध्यान दिवस मनाइन्दै छ। संयुक्त राष्ट्र महासभाले गत वर्ष २१ दिसंबरमा विश्व ध्यान दिवस मनाउने घोषणा गरेको थियो।
- गृह मंत्रालयले सीमा सुरक्षा बल- बीएसएफमा कांस्टेबल भर्तीको निम्ति पूर्व अग्निवीरहरूको कोटा १० प्रतिशतदेखि बढ़ाएर ५० प्रतिशत गरिदिएको छ।
- इलेक्ट्रोनिक्स तथा सूचना प्रविधि मन्त्रालयले ह्वाट्सएप एकाउन्ट ह्याक गर्न घोस्टपेयरिंग नामको साइबर क्याम्पेनको प्रयोग भइरहेको चेतावनी दिएको छ।
- किरात खम्बु राई सांस्कृतिक संस्थान मिरिक महकुमाले आगामी २८ दिसम्बरको दिन भव्यताको साथमा साकेला उधौली पर्व पालन गर्ने भएको छ।

**जी राम जी**

राष्ट्रपति द्रौपदी मुर्मुले विकसित भारत-रोजगार अनि आजीविका मिशन-ग्रामीण विकसित भारत- जी राम जी बिलए २०२५ लाई स्वीकृति दिनुभएको छ। संसदले यसलाई शीतकालीन सत्रको अवधि पास गरेको थियो। यो एक्ट ग्रामीण परिवारहरूको निम्ति प्रत्येक वित्तीय वर्षमा वैधानिक मजदूरी रोजगार गारंटीलाई एक सय २५ दिन सम्मलाई बढ़ाएको छ। ग्रामीण विकास मंत्रालयले बताए अनुसार यो ग्रामीण रोजगार नीतिमा परिवर्तनको दिशामा एउटा महत्वपूर्ण कदम हो। मंत्रालयले अझ बताए अनुसार यो कानून सशक्तिकरण, समावेशी विकास, विकास पहलहरूको तालमेल अनि सबै आवश्यक मानिसहरूलाई लाभ दिनमा जोर दिनेछ। विकसित भारत- जी राम जी एक्ट महात्मा गांधी राष्ट्रीय ग्रामीण रोजगार गारंटी एक्ट- मनरेगा २००५ को सट्टामा ल्याइएको हो।

**मोहन भागवत**

राष्ट्रिय स्वयंसेवक संघ (आरएसएस) का सरसंघचालक डा. मोहन भागवतले आज संघको 100 औ वर्षगांठको अवसरमा कोलकाताको साइन्स सिटी सभागारमा आयोजित व्याख्यान शृंखला संघका १०० वर्ष नयाँ क्षितिजको पहिलो सत्रलाई सम्बोधन गर्दै संघलाई हेरेर मात्र बुझ्न सम्भव छैन यसलाई महसुस गर्नुपर्छ भन्नुभएको छ। उहाले भन्नुभयो- राज्यका हिन्दूहरू यदि जागे भने बंगालमा सत्ता परिवर्तनलाई कसैले पनि रोक्न सक्तैनन्। यो कुरा राष्ट्रीय स्वयंसेवक संघका सरसंघचालक डा. मोहन भागवतले कोलकातामा संघको शताब्दि वर्ष समारोहमक आयोजीत एक व्याख्यानमालामा भन्नु भयो। उहाँले अझ भन्नु केवल मंदिर जानु नै हिंदू हुनुको पहिचान होइनए तर व्यक्तिको आचरणए नैतिकता र समाज प्रति उसको व्यवहार नै उसको वास्तविक धर्म हो। डा.मोहन भागवतले भन्नु भयो- आज RSS को नाम विश्वका सबैले जान्दै छन् तर संघ के होए कसरी र के काम गर्छ त्यबारे ठीक रूपमा जान्दैनन्। संघलाई हेरेर संघ जानिन्दैन्। संघ जान्न हो भनि शाखामा आएर

यसको अनुभव गर्नु पर्छ। रामारणको उदाहरण दिन्दै भन्नु भयो गगन के हो भन्दा गगन नै होए सागर के हो भन्दा सागर नै हो भनेकोछ। कारण सागर जस्तो अरू केहि छैन्। गगन जस्तो अन्य केही छैन्। यसरी नै आरएसएस नै होए यो जस्तो संगठन विश्वमा अन्य कुनै छै।

*Byte*

**विश्व ध्यान दिवस**

आज दोस्रो विश्व ध्यान दिवस मनाइन्दै छ। संयुक्त राष्ट्र महासभाले गत वर्ष २१ दिसंबरमा श्विश्व ध्यान दिवसश मनाउने घोषणा गरेको थियो। यो तिथि उत्तरी गोलार्धमा शीतकालीन संक्रांतिलाई ध्यानमा राख्दै चुनीएको हो र यो आत्मनिरीक्षण अनि आंतरिक शांतिको प्रतीक हो। आज द्विवतीय विश्व ध्यान दिवसको अवसरमा हैदराबादको कान्हा शान्तिवमनमा उपराष्टपति सी.पी राधाकृष्णनले - ध्यानमा सकारात्मक अनि समावेशी समाजको निर्माणको निम्ति रूपान्तरण शक्ति रहेको बताउनुभयो। उहाले भन्नुभयो हार्टफुलनेस मूभमेन्टले शान्ति, सौदार्ह अनि आध्यात्मिक कल्याणको निम्ति महत्वपूर्ण कार्य गरिरहेको छ। उहाले अझ भन्नुभयो मुक्त अनि चेतन मस्तिष्कले जनसेवा अनि समाजमा सकारात्मक परिवर्तन ल्याउन सकिनेछ। डा. राधाकृष्णनले भन्नुभयो ध्यान भारतको प्राचीन आध्यात्मिक परम्पराको एक भाग हो जो मस्तिष्क अनि चेतनाको विज्ञान हो। उपराष्टपतिले मानिसहरूसित ध्यानलाई आफनो दिनचर्यामा सामेल गराउने अपील पनि गर्नुभयो।

**एएआई - परामर्श**

भारतीय विमान प्राधिकरणले घना कुहिरोको कारण उत्तर भारतमा विमानहरुको उडानमा ढिलाईलाई ध्यानमा राख्दै परामर्श जारी गरेको छ । सोशल मीडिया पोस्टमा प्राधिकरणले भनेको छ कि कम दृश्यताको कारण केहि हवाई अड्डाहरुमा उडानमा परिवर्तन हुन सक्नेछ । यात्रिहरुलाई उड़ानको ताजा जानकारी लिने अनि हवाई अड्डा सम्म पुग्न तथा अन्य औपचारिकताहरुका लागि अतिरिक्त समय लिएर हिड्ने सल्लाह दिईएको छ ।

**गृह मंत्रालय -पूर्व अग्निवीर कोटा**

गृह मंत्रालयले सीमा सुरक्षा बल -बीएसएफमा कांस्टेबल भर्तीको निम्ति पूर्व अग्निवीरहरूको कोटा १० प्रतिशतदेखि बढ़ाएर ५० प्रतिशत गरिदिएको छ। पूर्व अग्निवीरहरूको पहिलो बैचको उच्च आयु सीमामा पांच वर्षसम्मको छूट मिल्नेछ जबकि शेष पूर्व अग्निवीरहरूलाई तीन वर्षको छूट मिल्नेछ। अधिसूचनामा भनिएको छ कि पूर्व अग्निवीरहरूको शारीरिक मानक परीक्षा अनि शारीरिक दक्षता परीक्षाबाट पनि छूट दिइनेछ। अधिसूचनामा बताइएको छए प्रत्येक भर्ती वर्षमा पूर्व अग्निवीरहरूको निम्ति रिक्त आरक्षित रहनेछ। पूर्व सैनिकहरूको निम्ति १० प्रतिशत अनि ट्रेड्समैनको निम्ति तीन प्रतिशतसम्म रिक्त आरक्षित रहनेछ।

**ह्वाट्सएपको ह्याकिङ चेतावनी**

इलेक्ट्रोनिक्स तथा सूचना प्रविधि मन्त्रालयले ह्वाट्सएप एकाउन्ट ह्याक गर्न घोस्टपेयरिंग नामको साइबर क्याम्पेनको प्रयोग भइरहेको चेतावनी दिएको छ ।मन्त्रालयका अनुसार साइबर अपराधीहरुले ह्वाट्सएपको डिभाइस लिंकिङ फिचरमार्फत पेयरिंग कोड प्रयोग गरेर बिना कुनै प्रमाणिकरण अकाउन्ट ह्याक गरिरहेका छन् । यो धोखाधडी सामान्यतया तब सुरु हुन्छ जब तपाईंलाई ज्ञात नम्बरबाट फोटो पठाइन्छ र यसलाई हेर्न अपील गर्ने सन्देश प्राप्त हुन्छ। यस सन्देशमा एक लिंक समावेश छए जुन फेसबुक जस्तो पूर्वावलोकनको साथ आउँदछ र फोन नम्बरसँग सम्बन्धित प्रमाणिकरण प्रक्रियामा जान्छ।मन्त्रालयले भनेको छए श्यो विधिमा साइबर अपराधीले पासवर्ड वा सिम साटासाट नगरी पीडितको ह्वाट्सएप खातामा पूर्ण पहुँच प्राप्त गर्दछ। मन्त्रालयले मानिसहरूलाई शंकास्पद लिंकहरूमा क्लिक नगर्न र बाह्य साइटहरूमा आफ्नो फोन नम्बर कहिल्यै नहाल्न सल्लाह दिएको छ।

**रेल भाडा**

यस महिनाको २६ तारिखदेखि लागू हुने गरी रेल भाडा युक्तिसंगत बनाइँदैछ। २१५ किलोमिटरसम्मको सामान्य कक्षाको यात्राको भाडामा कुनै परिवर्तन हुनेछैन। यो दूरीभन्दा माथिको यात्राको लागिए भाडा प्रति किलोमिटर एक पैसाले बढ्नेछ। मेल, एक्सप्रेस र वातानुकूलित रेलहरूको लागि भाडा प्रति किलोमिटर २ पैसा हुनेछ।रेलवे विभागका अनुसारए भाडा वृद्धिले लगभग ₹ ६०० करोडको अतिरिक्त राजस्व उत्पन्न गर्नेछ। रेलवेले विगत एक दशकमा रेल पूर्वाधारको उल्लेखनीय विस्तार भएको र राम्रो सञ्चालनका लागि जनशक्ति वृद्धि भइरहेको बताएको छ।स्पेशल ऑपरेशन ग्रुप (एसओजी) अनि भक्तिनगर थाना पुलिसले शालुगाड़ा फोर लेन फ्लाईओवर मुनि हिज शनिवार अबेर राती अभियान चलाएर २० किलो सादा पाउडरए ८२० ग्राम ब्राउन शुगर, एसिड अनि लिक्विडको बोतलहरुको साथमा चार तस्करहरुलाई पक्राउ गरेको छ । जफत गरिएको सामानको बजार मुल्य लगभग एक करोड़ रुपियाँ बताईएको छ। भक्तिनगर थानाको पुलिस अघिल्लो कार्रवाहीमा जुटेको छ ।

**पुलिस आयुक्त- निर्देश**

बांग्लादेशमा जारी हिंसा अनि अशांतिको स्थितिलाई ध्यानमा राख्दै कोलकातामा कुनै पनि प्रकारको अव्यवस्था नफैलिनु दिने निर्देश दिईएको छ । हज अपराह्न कोलकाता पुलिसको मासिक क्राइम मीटिंग अवधि पुलिस आयुक्त मनोज वर्माले यस सम्बन्धमा स्पष्ट निर्देश दिनुभएको छ । सूत्रहरु अनुसारए पुलिस आयुक्तले बैठकमा भन्नुभयो- बांग्लादेशमा वर्तमानमा रहेको स्थितिको कारण यदि कोलकातामा कुनै पनि प्रकारको अशांति वा गड़बड़ीको आशंका देखिएए तत्काल कडा कदम उठाईयोस्। कोलकाता पुलिसको अधिनमा पर्ने संवेदनशील इलाकाहरुमा विशेष निगरानी राख्नको साथै SIR सित सम्बन्धित सुनवाईको अवधि शहर अनि बिशेष गरेर उपनगरहरुको थाना इलाकामा कडा सतर्कता अपनाउने निर्देश दिईएको छ। पुलिस आयुक्तले क्रिसमस अनि त्येस पछि नववर्षको अवधि कानून-व्यवस्था अनि सुरक्षा बनाई राख्नको लागि सबै थानाहरुलाई सतर्क रहने निर्देश दिनुभएको छ ।

**स्थापना दिवस (आईजीजेएफ)**

इण्डियन गोर्खा जनशक्ति फ्रण्ट (आईजीजेएफ) ले आगामी २३ दिसम्बरको दिन आफ्नो स्थापना दिवस पालन गर्ने भएको छ। आईजीजेएफ केन्द्रिय कार्यकारिणी सदस्य एनबी खवासले भन्नुभयो - पार्टीले आफ्नो पहिलो स्थापना दिवस गत वर्ष २२ दिसम्बरमा पालन गरेको थियो। दोस्रो स्थापना दिवस पनि २२ दिसम्बरकै दिन पालन गर्ने तय गरिएकोए तर पार्टीको केन्द्रिय संयोजक अजय एडवर्ड्सको जलपाइगढी सर्किट बेन्चमा सुनवाई प्रस्तावित छ।

*Byte*

**रगतदान शिविर**

भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चा अनि मिरिक नगरपालिकाको सयुक्त आयोजनामा आज मिरिक कृष्णनगर क्लबमा रगतदान शिविरको आयोजना गरियो। शिविरमा धैरै जनाले रक्त भने रगत संग्रह रोटरी ब्लट ब्याङ्क सिलगढीले गरे। मानव जीवनमा रगतको महत्त्वबोध गर्दै आवश्यक रोगीहरूले समयमा रगत पवोस् भन्ने उदेश्यले गरिएको रक्तदान शिविरमा संग्रह गरिएको रगत आवश्यकहरूलाई उपलब्ध गराइने बताइएको छ। यस अवसरमा मिरिक नगरपालिकाका विभिन्न वार्डका विपन्न परिवारहरूलाई न्यानो कम्बल अनि खाध्य सामाग्री पनि वितरण गरियो ।

**वन्यजीव- अंगतस्करी**

नेपाल देखि भारतमा लुकिछिपी वन्यजीवहरुको अंगहरुको तस्करीको ठुलो सडयन्त्रलाई समयमानै वनकर्मिहरुले विफल पारेका छन्। हिज वन विभागको घोषपुकुर रेंजको दलले नेपाल नंबरको एउटा वाहनबाट लगभग एक किलो वजनको हाथीको दांत फेला परेको छ। यस मामलामा दुई जना तस्करहरुलाई पक्राउ गरेको छ। सूत्रहरु अनुसारए गुप्त सूचनाको आधारमा

वनकर्मिहरुले नेपाल देखि आईरहेको एक कारलाई पीछा गर्दै बागडोगराको बिहार मोड़को फ्लाईओवरमा वाहनलाई रोकेर जांच गर्दा एक बैगबाट एक किलो वजनको हाथीको दांत जफत गरे। घोषपुकुर रेंजर साम्यब्रत साधुले बताए अनुसार पुरा मामलाको गहन जांच गर्रिदैछ। आज दुवै आरोपिहरुलाई सिलगडी अदालतमा पेश गरिनेछ।

**साकेला उधौली पर्व**

किरात खम्बु राई सांस्कृतिक संस्थान मिरिक महकुमाले आगामी २८ दिसम्बरको दिन भव्यताको साथमा साकेला उधौली पर्व पालन गर्ने भएको छ। यस आशयको जानकारी गराउदै आज महकुमा समितिका प्रवक्ता राजीब राईले पत्रकारहरूसँग कुराकानी गर्ने क्रममा आज कार्यक्रमलाई लिएर चुडान्त सभा सम्पन्न भएको बताए। उहाले त्येस दिन विहान मिरिकमा विशाल र्यालीको आयोजना गरिने जसमा मिरिक महकुमा लगायत अन्य कुनै पनि स्थानबाट आउन चाहने अथवा रयालीमा समावेश हुन इच्छुक व्यक्तिहरूले भाग लिन सक्ने बताउनुभयो। यसरी नै रयालीपछि माङ्खिम परिसरमा विभिन्न सिली टोलीहरूले सिली नृत्य प्रस्तुत गरिने अनि माङपा माङमाहरूले पुजा अर्चना गर्ने कार्यक्रम रहेको पनि उहाले जानकारी दिनुभयो। उबले किरात खम्बुहरू यस क्षेत्रको खाटी मूल वासी रहेको र खाटी जनजाति रहेको बताउदै खम्बुहरूको आफ्नो छुट्टै भाषा अनि संस्कृति रहेको बताए। यसका साथै उहाले त्येस दिनको कार्यक्रममा पहाड अनि तराईका सम्पुर्ण खम्बुहरूलाई उपस्थित भइदिने आह्वान पनि गरेका छन्।

****** ० ******